# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९

प्रस्तावना: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभव नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई सामाजिक तथा आर्थिक पुनः एकीकरण कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ " रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले दफा ३ बमोजिमको पुनः एकीकरण कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले दफा १९ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ ।

(घ) "कार्यक्रम समन्वय समिति" भन्नाले दफा १७ बमोजिमको कार्यक्रम समन्वय समिति सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले ऐनको दफा ३२ बमोजिमको वैदेशिक रोजगार कल्याणकारी कोष सम्झनु पर्छ।

(च) "वोर्ड" भन्नाले ऐनको दफा ३८ बमोजिमको वैदेशिक रोजगार बोर्ड सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(ज) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० बमोजिमको रोजगार सेवा केन्द्र सम्झनु पर्छ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(झ) "सचिवालय" भन्नाले बोर्डको सचिवालय सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२
## पुनःएकीकरण कार्यक्रम सञ्चालन

३. पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्ने : वैदेशिक रोजगारीबाट फर्केका नेपाली नागरिकको सीप, पूँजी र प्रविधिलाई राष्ट्र हितको लागि उपयोग गर्न तथा त्यस्ता नागरिकको पुनः एकीकरण गर्नका लागि सचिवालयले सामाजिकीकरण कार्यक्रम, रोजगारीमा आबद्धता हुने कार्यक्रम र उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्नेछ।

४. सामाजिकीकरण कार्यक्रम : दफा ३ बमोजिमको सामाजिकीकरण कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई समाजमा अन्तर्घुलन गराउनका लागि त्यस्ता नागरिक तथा निजको परिवारका सदस्यसमेतको सहभागितामा पारिवारिक तथा सामाजिक मेलमिलाप, मनोसामाजिक परामर्श, नेतृत्व विकास, सामाजिक सञ्जाल निर्माण तथा स्वयंसेवक परिचालन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

५. रोजगारीमा आबद्धता हुने कार्यक्रम : दफा ३ बमोजिम रोजगारीमा आबद्धता हुने कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सीप परीक्षण तथा प्रमाणीकरण, श्रम बजारको आवश्यकतामा आधारित व्यावसायिक र व्यवस्थापकीय सीपमूलक तालिम प्रदान, परम्परागत रूपमा सञ्चालित पेशाको आधुनिकीकरण तथा बजारको माग र व्यक्तिको क्षमता अनुरुप रोजगारीको व्यवस्था गर्न सहजीकरण गरिनेछ ।

६. उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम: (१) दफा ३ बमोजिम उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्दै त्यस्ता व्यक्तिको वित्तीय साक्षरता र पहुँचमा वृद्धि गर्न प्राविधिक र व्यवस्थापकीय रूपमा सहयोग गरी एकल वा समूहमा आधारित स्वउद्यममूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उद्यमशीलता प्रवर्द्धन हुने कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी नवीनतम् ज्ञान र सीपमा आधारित व्यवसाय स्थापना र सञ्चालनका लागि वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिलाई अनुदान र सहुलियत ब्याजदरमा उद्यमी कर्जा प्रवाह गर्न वा त्यस्ता व्यक्तिले उत्पादन गरेका वस्तु वा सेवालाई प्रदर्शनी वा बिक्री वितरणका लागि औद्योगिक मेला, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा प्राथमिकता प्रदान गर्न सकिनेछ।

७. कोषको रकम प्रयोग गर्न सक्ने : सचिवालयले कार्यक्रम सञ्चालन गर्दा बोर्डले स्वीकृत गरेबमोजिम कोषको रकम उपयोग गर्न सक्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

८. <u>प्रस्ताव आह्वान गर्ने</u> : (१) कार्यक्रम सञ्चालन गर्नका लागि सचिवालयले स्थानीय तहसँग प्रस्ताव आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान भएपछि कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तहले दफा १५ बमोजिमको लाभग्राहीको सूचीको आधारमा कार्यक्रमको प्रकार, लाभग्राही सङ्ख्या, कार्यक्रमको लागत, कार्यक्रम सञ्चालनको लागि स्थानीय तहले गर्न सक्ने योगदान समेतका विवरण खुलाई सचिवालयमा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव प्राप्त भएपछि सचिवालयले त्यस्तो प्रस्ताव कार्यक्रम समन्वय समितिसमक्ष पेश गर्नु पर्नेछ।

९. <u>प्रस्ताव स्वीकृत गर्ने</u>: (१) दफा ८ बमोजिम पेश भएको प्रस्तावका सम्बन्धमा कार्यक्रम समन्वय समितिले आवश्यक जाँचबुझ गरी देहायका आधारमा उपयुक्त प्रस्ताव स्वीकृत गर्न सक्नेछः-

(क) कार्यक्रम सञ्चालनको लागि उपलब्ध बजेट,

(ख) कार्यक्रममा दोहोरोपना नहुने सुनिश्चितता,

(ग) कार्यक्रमको प्रकृति र माग,

(घ) कार्यक्रम सञ्चालनको लागि स्थानीय तहले गर्न सक्ने योगदान,

(ङ) कार्यक्रम सञ्चालन गर्ने क्षमता र कार्यक्रमको उपयोगिता।

(२) उपदफा (१) बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यक्रम कार्यान्वयन समितिले प्रस्तावबमोजिमको कार्यक्रम कार्यान्वयन गर्नेछ।

१०. <u>राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्ने</u>: (१) कुनै राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रम सञ्चालन गर्न चाहने गैरसरकारी संस्थाले प्रचलित कानूनमा उल्लेख भएका शर्तहरू पूरा गरेका कागजातका अतिरिक्त दफा ३ बमोजिमको कार्यक्रम खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा सचिवालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव प्राप्त भएपछि सचिवालयले त्यस्तो प्रस्ताव कार्यक्रम समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्तावका सम्बन्धमा कार्यक्रम समन्वय समितिले आवश्यक छानबिन गरी त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित संस्थालाई कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति दिनुअघि कार्यक्रम समन्वय समितिले सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको सहमति लिनु पर्नेछ ।

(६) यस दफाबमोजिम स्वीकृति प्राप्त गरी कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले सङ्घीय कानून तथा सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनबमोजिमका शर्त वा प्रक्रिया पूरा गर्नु पर्नेछ र त्यस्ता



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

शर्त वा प्रक्रिया पूरा नगरेको प्रमाणित भएमा उपदफा (४) बमोजिम दिइएको अनुमति खारेज हुनेछ।

११. विदेशी मुलुक वा संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्ने: (१) द्विपक्षीय श्रम सम्झौता भएका मुलुक वा कुटनीतिक सम्बन्ध स्थापना भएका मुलुक, संयुक्त राष्ट्रसङ्घीय निकाय, विकासका साझेदार वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रम सञ्चालन गर्न चाहने मुलुक, निकाय वा संस्थाले नेपाल सरकारसँग सम्झौता गरी त्यस्तो सम्झौताको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै कार्यक्रम सञ्चालन गर्न चाहने मुलुक, संयुक्त राष्ट्रसङ्घीय निकाय, विकासका साझेदार वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अनुमति प्राप्त गर्नको लागि त्यस्तो कार्यक्रमको विस्तृत विवरण खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव उपयुक्त र राष्ट्र हितको लागि आवश्यक देखिएमा मन्त्रालयले उपदफा (२) बमोजिमको सम्झौताको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुमति प्राप्त कार्यक्रम कार्यान्वयन गर्दा सङ्घीय कानून तथा सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनबमोजिमका शर्त वा प्रक्रिया पूरा गर्नु पर्नेछ र त्यस्ता शर्त वा प्रक्रिया पूरा नगरेको प्रमाणित भएमा त्यस्तो अनुमति खारेज हुनेछ ।

(६) यस दफाबमोजिम अनुमति प्राप्त मुलुक, निकाय वा संस्थालाई सचिवालयले कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

१२. नेपाल सरकारका निकाय, प्रदेश सरकार वा स्थानीय तहले कार्यक्रम सञ्चालन गर्न सक्ने: नेपाल सरकारका निकाय, प्रदेश सरकार वा स्थानीय तहले आफ्नो स्रोतको उपयोग गरी सचिवालयसँगको समन्वयमा आफ्नो कार्यक्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

१३. विवरण उपलब्ध गराउनु पर्ने : दफा १०, ११ वा १२ बमोजिम कार्यक्रम सञ्चालन गर्ने मुलुक, निकाय वा संस्थाले आफूले सञ्चालन गरेको कार्यक्रमको प्रगति प्रतिवेदन सचिवालयले तोकेको समयभित्र अनुसूची-२ बमोजिमको ढाँचामा सचिवालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-३
## लाभग्राहीमा सूचीकरण

१४. लाभग्राहीमा सूचीकृत हुनु पर्ने : (१) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले यस निर्देशिकाबमोजिम पुनः एकीकरण कार्यक्रममा सहभागी हुनका लागि लाभग्राहीमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राहीमा सूचीकृत नभएका व्यक्तिलाई यस निर्देशिकाबमोजिमको कार्यक्रममा सहभागी गराइने छैन।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१५. लाभग्राहीमा सूचीकृत हुने प्रक्रिया : (१) दफा १४ बमोजिम लाभग्राहीमा सूचीकृत हुन चाहने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले अनुसूची-३ बमोजिमको ढाँचामा रोजगार सेवा केन्द्रसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर रोजगार सेवा केन्द्रले आवश्यक जाँचबुझ गरी त्यस्तो व्यक्तिको विवरणको अभिलेख अद्यावधिक रूपमा राखी रोजगार सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण जाँचबुझ गर्दा रोजगार सेवा केन्द्रले दफा १६ बमोजिमको प्रोफाइलको विवरणलाईसमेत आधार लिन सक्नेछ।

(४) कुनै संस्था वा निकायले कार्यक्रम सञ्चालन गर्दा यस दफाबमोजिम सूचीकृत लाभग्राहीको अभिलेखलाई आधार लिनु पर्नेछ।

१६. प्रोफाइल तयार गर्ने : सचिवालयले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको व्यक्तिगत विवरण, वैदेशिक रोजगारीको सिलसिलामा काम गरेको मुलुक र कामको प्रकृति, आर्जन गरेको ज्ञान, सीप, अनुभव, वैदेशिक रोजगारीको आर्जनबाट देशभित्र रोजगारी वा स्वरोजगारी गर्ने सम्बन्धमा निजको इच्छा, आवश्यकता, प्राथमिकता, योजना लगायतका विवरण समावेश गरी राष्ट्रिय, प्रादेशिक र स्थानीय आप्रवासी प्रोफाइल (रिटर्नी माइग्रेन्ट प्रोफाइल) तयार तथा अद्यावधिक गर्नेछ।

## परिच्छेद-४

## संस्थागत व्यवस्था

१७. कार्यक्रम समन्वय समिति: (१) यस निर्देशिकाबमोजिमका पुनः एकीकरण कार्यक्रमलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आवश्यक समन्वय गर्न देहायबमोजिमको कार्यक्रम समन्वय समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | कार्यकारी निर्देशक, बोर्ड | - संयोजक |
| (ख) | उपसचिव, वैदेशिक रोजगार व्यवस्थापन शाखा, मन्त्रालय | - सदस्य |
| (ग) | उपसचिव, नीति, योजना अनुगमन तथा मूल्याङ्कन शाखा, मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि (उपसचिवस्तर), अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) | प्रतिनिधि (उपसचिवस्तर), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ | - सदस्य |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(छ) वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्रमा क्रियाशिल विज्ञ व्यक्तिहरूमध्येबाट मन्त्रालयले तोकेको एकजना - सदस्य

(ज) वैदेशिक रोजगारीमा गई कम्तीमा दुई वर्ष काम गरी स्वदेश फर्केका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले तोकेको एकजना - सदस्य

(झ) सम्बन्धित विषय हेर्ने उपसचिव, बोर्ड - सदस्य-सचिव

(२) कार्यक्रम समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) सचिवालयले कार्यक्रम समन्वय समितिको सचिवालयको रूपमासमेत काम गर्नेछ।

(४) कार्यक्रम समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सोही समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) कार्यक्रम समन्वय समितिको खर्च सचिवालयले व्यवस्थापन गर्नेछ ।

१८. कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार : यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यक्रम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वार्षिक रूपमा सञ्चालन गरिने कार्यक्रमको योजना तयार गरी स्वीकृतिको लागि बोर्डसमक्ष पेश गर्ने,

(ख) कार्यक्रम सञ्चालनका लागि नीतिगत निर्देशन आवश्यक पर्ने भएमा बोर्डसमक्ष पेश गर्ने,

(ग) एकभन्दा बढी निकाय वा संस्थाले सञ्चालन गर्ने कार्यक्रममा एउटै लाभग्राही नदोहोरिने व्यवस्थाको लागि लाभग्राहीको अभिलेख दुरुस्त राख्ने वा राख्न लगाउने,

(घ) कार्यक्रम सञ्चालनका लागि निजी क्षेत्र, गैरसरकारी संस्था तथा विदेशी मुलुक वा संस्थासँग समन्वय गर्ने,

(ङ) यस निर्देशिकाबमोजिम सञ्चालित कार्यक्रमको नियमित रूपमा अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयन समितिबाट पेश भएका समस्या समाधानको लागि आवश्यक व्यवस्था मिलाउने,

(छ) कार्यक्रम कार्यान्वयन समितिलाई आवश्यक निर्देशन दिने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

(ज) स्वीकृत गरिएका तथा अनुमति दिइएका कार्यक्रम, त्यस्तो कार्यक्रम कार्यान्वयनको अवस्था, प्रगतिसमेतको विवरण खुलाई आवधिक रूपमा बोर्डसमक्ष प्रतिवेदन पेश गर्ने।

१९. <u>कार्यक्रम कार्यान्वयन समिति</u> : (१) यस निर्देशिकाबमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रत्येक स्थानीय तहमा देहायबमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित गाउँ कार्यपालिकाको उपाध्यक्ष वा नगर कार्यपालिकाको उपप्रमुख | - संयोजक |
| (ख) | संयोजकले तोकेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको एक जना सदस्य | - सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थामध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | - सदस्य |
| (ङ) | वैदेशिक रोजगारीमा गई कम्तीमा दुई वर्ष काम गरी स्वदेश फर्केका र सम्बन्धित स्थानीय तहमा बसोबास गर्दै आएका व्यक्तिहरूमध्येबाट संयोजकले तोकेको एकजना | - सदस्य |
| (च) | रोजगार संयोजक, रोजगार सेवा केन्द्र | -सदस्य-सचिव |

(२) सम्बन्धित स्थानीय तहले बैङ्किङ्ग कारोबार गर्ने स्थानीय बैङ्कको प्रतिनिधि तथा सम्बन्धित जिल्लास्थित उद्योग वाणिज्य सङ्घको प्रतिनिधिलाई कार्यक्रम कार्यान्वयन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम कार्यान्वयन समितिको सचिवालय सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा रहनेछ।

(४) कार्यक्रम कार्यान्वयन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सोही समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) कार्यक्रम कार्यान्वयन समितिको खर्च सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नेछ ।

२०. <u>कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार</u> : यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दफा १५ बमोजिम सूचीकृत लाभग्राहीको विवरणका आधारमा सञ्चालन गर्न सकिने कार्यक्रमको पहिचान गरी प्राथमिकीकरण गर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) अन्य संस्था वा निकायले सञ्चालन गरेका कार्यक्रमसँग दोहोरो नपर्ने गरी कार्यक्रम छनौट गर्ने,

(ग) सम्बन्धित स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थासँग कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा रहेका बैङ्क तथा वित्तीय संस्थासँग समन्वय गर्ने,

(ङ) प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या उत्पन्न भई स्थानीय तहबाट समाधान हुन नसक्ने भएमा कार्यक्रम समन्वय समितिसमक्ष पेश गर्ने,

(छ) कार्यक्रम समन्वय समितिबाट प्राप्त निर्देशनको पालना गर्ने,

(ज) कार्यक्रम सम्पन्न भएपछि अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी कार्यक्रम समन्वय समितिसमक्ष पेश गर्ने ।

## परिच्छेद -५

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

२१. अनुगमन तथा मूल्याङ्कन: (१) सचिवालयले यस निर्देशिकाबमोजिम सञ्चालन हुने कार्यक्रमको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) सचिवालयले यस दफाबमोजिम कुनै खास जिल्लामा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न कुनै सरकारी निकायको सहयोग लिन सक्नेछ ।

२२. वार्षिक प्रतिवेदन पेश गर्ने: (१) सचिवालयले कार्यक्रम सञ्चालन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) प्रदेश तथा स्थानीय तहले सम्बन्धित प्रदेश वा स्थानीय तहबाट सञ्चालित कार्यक्रम सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र मन्त्रालय तथा सचिवालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-६

## विविध

२३. सूचना तथा परामर्श केन्द्र स्थापना गर्ने : (१) यस निर्देशिकाबमोजिम कार्यक्रमको विषयमा जानकारी दिन सचिवालय तथा सम्बन्धित प्रदेश सरकारले तोकेको निकायमा सूचना तथा परामर्श केन्द्र स्थापना गरिनेछ ।

(२) स्थानीय तहमा रोजगार सेवा केन्द्रले यस निर्देशिकाबमोजिमको सूचना तथा परामर्श सम्बन्धी कार्य गर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२४. अन्तर्राष्ट्रिय आगमन विन्दुमा सहायता कक्ष रहने: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको व्यक्तिगत विवरण, वैदेशिक रोजगारीको सिलसिलामा काम गरेको मुलुक र कामको प्रकृति, आर्जन गरेको ज्ञान, सीप, अनुभवलगायतको विवरण वैदेशिक रोजगार विभागमा रहेको सूचना प्रणालीमा आबद्ध गर्न अन्तर्राष्ट्रिय विमानस्थल र अन्य आगमन विन्दुहरूमा अध्यागमन विभाग र नेपाल नागरिक उड्डयन प्राधिकरणसँगको समन्वयमा सचिवालयले सहायता कक्ष सञ्चालन गर्नेछ ।

२५. समन्वय गर्ने: (१) सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यक्रम सञ्चालन गर्दा नीतिगत तथा कार्यगत एकरूपता कायम गर्न मन्त्रालयले प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गर्नेछ ।

(२) कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा विदेशी मुलुक वा अन्तरसरकारी संस्थासँग समन्वय र सम्पर्क गर्दा मन्त्रालयमार्फत गर्नु पर्नेछ।

(३) यस निर्देशिकाबमोजिमका कार्यक्रमको कार्यान्वयनमा वित्तीय सहयोग जुटाउन सचिवालयले नेपाल राष्ट्र बैङ्कसँगको सहकार्यमा वित्तीय संस्थासँग समन्वय गर्नेछ ।

२६. आवश्यक व्यवस्था मिलाउने: यस निर्देशिका कार्यान्वयन गर्दा कुनै कठिनाई परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

(दफा ८ को उपदफा (२), दफा १० को उपदफा (२) र दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

### कार्यक्रम कार्यान्वयन गर्नका लागि पेश गर्ने प्रस्तावको ढाँचा

१. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह/संस्था/निकायको नामः-........................

२. कार्यक्रमको विवरण :-

  (क) कार्यक्रमको नामः- .............................

  (ख) कार्यक्रमको लक्ष्यः.........................

  (ग) कार्यक्रमको उद्देश्यः........................

  (घ) कार्यक्रम कार्यान्वयनको अवधिः- ........... देखि ............. सम्म

  (ङ) कार्यक्रम कार्यान्वयन हुने स्थानः जिल्लाः ..............स्थानीय तह ................................, वडा नं.........., टोलः-.................

  (च) लाभग्राही सङ्ख्याः-......................

  (छ) लाभग्राही परिवार सङ्ख्याः-...................

३. कार्यक्रमको कूल लागतः- रु................................

४. लागत व्यहोर्ने स्रोतः-................(स्थानीय तहको हकमा कार्यक्रम सञ्चालनको लागि स्थानीय तहले गर्न सक्ने योगदान समेत खुलाउने)

५. अपेक्षित प्रतिफलः-....................

६. कार्यक्रमको मुख्य क्रियाकलापहरुः-............................

७. कार्यक्रमको वित्तीय तथा आर्थिक विश्लेषणको प्रक्रियाः.....................

८. कार्यक्रम कार्यान्वयन तथा खर्च योजनाः........................

९. कार्यक्रम कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रशासनिक खर्चः........................

१०. कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत प्रस्तावः....................................

११. कार्यक्रमबाट समाजमा हुन सक्ने सामाजिक-आर्थिक प्रभावः.............................

१२. यसअघि सञ्चालित कार्यक्रमको विवरणः...................

अनुसूची-२

(दफा १३ र दफा २० को खण्ड (ज) सँग सम्बन्धित)

प्रगति प्रतिवेदनको ढाँचा

१. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह/संस्था/निकायको नामः........................

२. कार्यक्रमको नामः ..............................

३. प्रगति प्रतिवेदनको अवधिः....................

४. लाभग्राहीको सङ्ख्याः..........................

५. लाभग्राही परिवारको सङ्ख्याः...................

६. वित्तीय प्रगतिः

| क्र.सं. | कार्यक्रम | स्वीकृत लागत | खर्च भएको रकम | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

७. सामाजिक-आर्थिक प्रगतिः

८. कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयासः

| क्र.सं. | कार्यक्रम | देखिएका समस्या | समाधानको लागि अपनाइएका उपायहरू | सुझावहरू |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

९. भविष्यमा सञ्चालन गर्न सकिने कार्यक्रमको विवरणः

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

<u>लाभग्राहीमा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा</u>

श्रीमान् रोजगार संयोजकज्यू,
रोजगार सेवा केन्द्र
..............................।

विषयः लाभग्राहीमा सूचीकृत गरी पाऊँ।

उपर्युक्त सम्बन्धमा म................. वैदेशिक रोजगारीको क्रममा ................ देश गई .......... रोजगारीमा गई ............... सीप/ज्ञान हासिल गरी नेपाल फर्की पुनः एकीकरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले लाभग्राहीमा सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु।

१. निवेदकको :-

(क) नाम थरः .............................
(ख) स्थायी ठेगानाः.........................
(ग) अस्थायी ठेगानाः.........................
(घ) राहदानी नं.: ............................
(ङ) नागरिकता नं.: ..............................
(च) श्रम स्वीकृति लिएको मितिः..............................
(छ) काम गर्न गएको मितिः ..............................
(ज) रोजगारीको लागि गएको देशः ..............................
(झ) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः ..............................
(ञ) नेपाल फर्किएको मितिः ..............................
(ट) रोजगारीको प्रकारः ..............................
(ठ) हासिल गरेको सीप/ज्ञानः ..............................
(ड) करार अवधिः ..............................
(ढ) सहभागी हुन इच्छुक पुनः एकीकरण कार्यक्रमको प्रकारः ..............................
(ण) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्नेः ..............................

२. बाबु/आमाको नामः ...............................
३. पति /पत्नीको नामः..............................
४. संलग्न कागजातहरुः..............................

माथी पेश गरेको विवरण ठीक साँचो छ। फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला।

<u>निवेदक</u>

| दायाँ | बायाँ |
|---|---|
| | |

हस्ताक्षरः

नाम थरः

जिल्लाः

गा.पा./न.पा.:

वडा नं.:

निवेदन दिएको मितिः

सम्पर्क न.:

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं